मंगला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

प.सं : २०७६/०७७
च.नं :

मितिः २०७६/०९/१७

दोस्रो पटक सूचना प्रकासित मिति २०७६।९।१०

विषय : सामुदायिक विद्यालयहरुलाई प्रस्तावना पत्र पेश गर्ने बारेको सूचना

मंगला गाउँपालिका स्थित सम्पूर्ण सामुदायिक विद्यलायहरु
मंगला गाउँपालिका बाबियाचौर, म्याग्दी

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७६।७७ को बार्षिक कार्यक्रम अनुसार ससर्त अनुदान शिक्षा तर्फ विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपशीलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वय गर्नु पर्ने भएकोले इच्छुक विद्यालयहरुले यसै साथ संलग्न ढाँचामा प्रस्तावना पत्र तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा प्रशतावना पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरीन्छ ।

तपशील

| क्र. सं | कार्यक्रमको नाम | प्राप्त कोटा | बजेट (इकाइ लागतमा) |
|---|---|---|---|
| १ | कक्षा कोठा निर्माण अनुदान( फर्निचर सहित)दुइकोठे ब्लक | ५ | प्रतिकोठा ८ लाख |
| २ | वास सुविधा भएको सौचालय निर्माण अनुदान | २ | प्रति कोटा ७ लाख |
| ३ | तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन गर्ने विद्यालयहरुलाई कार्य सम्पादनमा आधारित अनुदान र प्रोत्साहन अनुदान | | प्रतिकोटा ५० हजार |
| ४ | विद्यालयमा पुस्तकालय स्थापना तथा ब्यबस्थापन | | ६ लाख ५० हजार |
| ५ | विज्ञान प्रयोगशाला | | ६ लाख ५० हजार |
| ६ | गणित अंग्रेजी र विज्ञान विषयको क्रियाकलापमा आधारित सामग्री खरिद अनुदान | | ५० हजार |

प्रशतावना पत्रसाथ पेश गर्नु पर्ने आबस्यक कागजातहरु र सर्त

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रशताव पत्र पेश गर्नु पर्ने छ ।
२. वि.ब्य.स.को निर्णयको प्रतिलिपी तथा वडा कार्यालयको सिफारिस
३. भवन तथा सौचालय निर्माण गर्ने विद्यालयले आबस्यकता अनुसारको जग्गा र थप वजेट विद्यालयबाट थप गर्ने प्रतिबद्धता पत्र साथै पुस्तकालय विज्ञान प्रयोगशाला लागायतका कार्यक्रम गर्न थप बजेट
४. कार्य सम्पादनमा आधारित अनुदान प्राप्त गर्न विद्यालय अनुदान ब्यबस्थापन निर्देशिका २०७४को अनुसूचि ३ मा उल्लेखित कार्य सम्पादन सूचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलाप सहितको प्रशताव पेश गर्नु पर्ने छ । प्रस्ताव साथ कक्षा कोठामा शिक्षण सिकाई मा समयाबधी सुधारकालागि कम्तीमा ३ महिना अगाडिको कक्षा कोठामा शिक्षकले वितायको समयको अभिलेख , बर्षको कक्षा ८ र SEE को रिजल्ट सीटको आधारमा गरेको नतिजा विश्लेषणको सारांस, विद्यालयको २०७५ को भर्नाको आधारमा उत्तिर्णदर छोडने दर र दोहराउने दर , र २०७६ को खुद भर्ना तथा सहजै देखिने भर्नादर समेत समाबेश गर्ने
५. विगत बर्षहरुमा प्रदेश मन्त्रालय , शिक्षा विकास तथा समन्वय इकाई र यस गाउँपालिका र अन्य संघ संस्थाबाट कार्यक्रम प्राप्त भएको भए यस बर्ष प्राथमिकतामा राखिने छैन ।
६. म्याद नाघी आएको र आबस्यक कागजात तथा रीत नपुगेको प्रशताव उपर कार्बाही गरिने छैन ।

कृष्ण प्रसाद गौतम
प्रमूख प्रशासकिय अधिकृत

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## प्रश्तावना पत्रको ढाँचा

१. विद्यालयको विबरण - विद्यालयको संक्षिप्त विबरण उल्लेख गर्ने , जस्तो अनुमति मिति संचालित कक्षा शिक्षक विद्यार्थी बिबरण भौतिक अबस्था र अन्य

२. कार्यक्रम विबरण :

क. कार्यक्रमको नाम :

ख. कार्यक्रमको पृष्ठभुमि, आबस्यकता र औचित्य

ग. कार्यक्रमको उद्धेश्य

घ. सम्पादन गर्नु पर्ने मूख्य मूख्य काम

ङ . कार्यक्रम बाट प्राप्त हुने उपलब्धीहरु

च. कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना

| क्र. स. | क्रियाकलापहरु | कार्य प्रकृया | जिम्मेबारी | समयाबधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३. प्रश्तावित बजेट

माग गरीएको बजेट कुल बजेट रकम :

क्रियाकलापगत बजेट र श्रोत ब्यहोरिने निकाय

| क्र. स. | क्रियाकलाप | इकाइ | दर | जम्मा | स्रोत ब्यहोर्ने निकाय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | विद्यालय | गाउँपालिका | अन्य |
| | | | | | | | |

४. विद्यलाय ब्यबस्थापन समितिको निर्णयको प्रतिलिपी

५. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र

विद्यालयको तर्फबाट

पेश गर्ने को नाम थर :

पद :

हस्ताक्षर

मिति

विद्यालयको छाप

नोट : यो प्रश्तावना पत्रको नमूना भएकोले यस थप र बिस्तृत रुपमा लेखी प्रश्तावना पत्र बाइन्डीङ्ग गरी पेश गर्नु पर्ने छ ।